# महाङ्काल गाउँपालिका
## Mahankal Rural Municipality
### गाउँ कार्यपालिकाको कार्यालय
### Office of Rural Municipal Executive

पत्र संख्या/Ref. No:- ०८३/०८४
चलानी नं/Dispatch No:-

गोटिखेल, ललितपुर
Gotikhel, Lalitpur

बागमती प्रदेश,नेपाल
Bagmati Province, Nepal


मितिः-२०८३/०४/१३

**मौजुदा सूचीमा सूचीकृत हुन आउने सम्बन्धी अत्यन्त जरुरी सूचना**
**(प्रथम पटक सूचना प्रकाशन भएको मितिः २०८३/०४/१३)**

श्री सम्वन्धित सबै,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम यस महाङ्काल गाउँपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूका लागि आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने वस्तु तथा सेवा आपूर्ति, निर्माण कार्य, परामर्श सेवा तथा मर्मत सम्भार सम्बन्धी कार्यहरू गराउनका लागि मौजुदा सूची तयार गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। तसर्थ, योग्यता पुगेका इच्छुक इजाजतपत्र प्राप्त फर्म, कम्पनी, संस्था वा परामर्शदाताहरूले आफूले सेवा प्रदान गर्न सक्ने विधा स्पष्ट खुलाई यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र (कार्यालय समयभित्र) रीतपूर्वकको निवेदन यस कार्यालयमा दर्ता गराउनुहुन सम्बन्धित सबैका लागि यो सूचना आह्वान गरिन्छ।

**१. सूचीकृत हुन सक्ने प्रमुख विधाहरू (Categories):**

- **वस्तु आपूर्तिः** मसलन्द, स्टेशनरी, तयारी पोशाक, कम्प्युटर, ल्यापटप, प्रिन्टर, एलेक्ट्रोनिक्स सामान, फर्निचर तथा फिक्चर्स, औषधि तथा मेडिकल उपकरण, सवारी साधनका पार्टपूर्जा आदि।
- **निर्माण कार्य तथा मर्मत सम्भारः** साना तथा मझौला निर्माण कार्य, रङरोगन, प्लम्बिङ, सवारी साधन मर्मत, बोरिङ मर्मत, विद्युत मर्मत आदि।
- **परामर्श सेवाः** डि.पि.आर (DPR) तयारी, नक्साङ्कन, सर्भे, सुपरिवेक्षण, सफ्टवेयर निर्माण, तालिम सञ्चालन तथा विभिन्न विषयगत परामर्श सेवाहरू।
- **अन्य सेवाहरूः** खाजा/क्याटरिङ व्यवस्थापन, छपाई तथा पब्लिकेशन, ढुवानी सेवा, विज्ञापन तथा सूचना प्रकाशन आदि।

**२. निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू (प्रमाणित प्रतिलिपिहरू):**

१. फर्म/कम्पनी/संस्था दर्ताको प्रमाणपत्र।
२. नवीकरण गरिएको व्यवसायिक इजाजतपत्र (लाइसेन्स)।
३. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र।



सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

महाङ्काल गाउँपालिका
Mahankal Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
गोटिखेल, ललितपुर
Gotikhel, Lalitpur
बागमती प्रदेश,नेपाल
Bagmati Province, Nepal


पत्र संख्या/Ref. No:- ०८३/०८४
चलानी नं/Dispatch No:-

मितिः-२०८३/०४/१३

४. आर्थिक वर्ष २०८१/०८२ वा २०८२/०८३ को कर चुक्ता प्रमाणपत्र

५. प्रोप्राइटर वा सञ्चालकको नागरिकताको प्रतिलिपि।

६. फर्मको संक्षिप्त विवरण - प्राविधिक क्षमता तथा अनुभव खुल्ने कागजात (यदि भएमा)।

३. अन्य सर्त तथा जानकारीः

- म्याद नाघि आएका वा आवश्यक कागजात संलग्न नभएका निवेदनहरू उपर कुनै कारबाही गरिने छैन।
- रीतपूर्वक निवेदन दिने फर्महरू मध्येबाट गाउँपालिकाको निर्णय बमोजिम मात्र सूचीकृत गरिनेछ।
- सूचीकृत हुनु नै खरिद सम्झौताको सुनिश्चितता वा कार्य आदेश पाउनु होइन।
- यस सूचनामा उल्लेख नभएका कुराहरू प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत